नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वनस्पति विभाग

थापाथली, काठमाण्डौ ।

## वातावरणीय मूल्यांकन प्रतिवेदन सुझाव समितिमा रहने वातावरण विज्ञहरुको सूची (Roster) को लागि दरखास्त आह्वान सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति: २०८०।०४।२३)

श्री वन तथा वातावरण मन्त्रालयको माननीय मन्त्रीस्तरको मिति २०७७।०४।०४ को निर्णयानुसार वातावरण संरक्षण नियमावली,२०७७ को नियम ३ सँग सम्वन्धित अनुसूची-१ र अनुसूची-२ को (क) वन क्षेत्रमा उल्लेख भएको क्रमश: संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परिक्षण गर्नुपर्ने आयोजना प्रस्तावहरु मध्येबाट यस विभागसँग सम्बन्धित आयोजना प्रस्तावहरुको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्न मन्त्रालयमा रहेको अधिकार यस विभागमा प्रत्यायोजन गरिएकोले यस विभागसँग सम्बन्धित आयोजना प्रस्तावहरुको हकमा राय सुझाव दिनको लागि गठन हुने समितिमा काम गर्न ईच्छुक सम्बन्धित क्षेत्रका विज्ञहरुको सूची (Roster) वातावरण संरक्षण ऐन, २०७६ को दफा ७ (२) तथा वातावरण संरक्षण नियमावली, २०७७ को दफा ४८ मा रहेको प्रावधान बमोजिम तयारीका लागि यो सूचना प्रकाशन गरिएको छ । इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित प्रावधानहरुको अधीनमा रही यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र रितपूर्वक निम्न ठेगानामा दरखास्त पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**आवश्यक कागजात**

(क) वैयक्तिक विवरण

(ख) शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी

(ग) कार्य अनुभव सम्बन्धी प्रमाण

(घ) वातावरणीय मूल्यांकन सम्बन्धी तालिम लिएको भए सो सम्बन्धी कागजातको प्रमाण

**(१) शैक्षिक योग्यता**

वनस्पति विज्ञान, वातावरण विज्ञान, वन विज्ञान, रसायन विज्ञान, इन्जिनियरिङ्ग (सिभिल, केमिकल, आर्किटेक्ट, औद्योगिक, वातावरण), अर्थशास्त्र, प्राकृतिक स्रोत व्यवस्थापन, वातावरण-अर्थशास्त्र विषयमा नेपाल सरकारद्धारा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।

**(२) कार्य अनुभव :**

माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त गरे पछि कम्तिमा २ वर्ष विषयगत क्षेत्रमा काम गरेको अनुभव भएको ।

**(३) दरखास्त बुझाउने ठेगाना : info@dpr.gov.np, वनस्पति विभाग, थापाथली, काठमाडौं ।**